दर्ता नं. १५३/०५६/०५७

sanchayacooperative sanchayacoop

# २९ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८


## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा-८, कास्की
फोन नं. ०६१-५३८७५१, ५५१७०४
Email: sanchaya.cooperative@gmail.com
Website : www.sanchayacoop.com

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.

## सञ्चालक समिति



श्री नारायण बहादुर कार्की
अध्यक्ष
मो. ९८५६०४२२१४



श्री गणेश बहादुर थापा क्षेत्री
उपाध्यक्ष
मो. ९८४६०२९३४३



श्री नवराज पौडेल
सचिव
मो. ९८५६०५६७३०



श्री राधाकृष्ण घिमिरे
कोषाध्यक्ष
मो. ९८४६०२८२८३



श्री ईन्द्रकमल मानन्धर
सह-सचिव
मो. ९८४६१३८४७३



श्री लक्ष्मीपति पोख्रेल
सदस्य
मो. ९८४६०५८४७२



श्री प्रतिमा शर्मा
सदस्य
मो. ९८४६५६३४८८



श्री कृष्णा श्रेष्ठ
सदस्य
मो. ९८४६२५८३३८



श्री दिनेशबाबु खड्का
सदस्य
मो. ९८५६०२६२४९

## सल्लाहकार समिति



श्री कृष्णप्रसाद बराल
संयोजक
मो. ९८४६०५०३५४



श्री पीताम्बर शर्मा
सदस्य
मो. ९८४६०४०५५१



श्री नारायण प्रसाद शर्मा
सदस्य
मो. ९८५६०२५३६४



श्री नरेन्द्रराज बराल
सदस्य
मो. ९८५१०९४०२४



श्री ईश्वरप्रसाद सुवेदी
सदस्य
मो. ९८४६०२९४३९

## कानुनी सल्लाहकार



श्री डि.पी. अधिकारी
सदस्य
मो. ९८४६०८२९४०

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

## २२ औं वार्षिक साधारण सभाको सूचना

**सम्पूर्ण शेयर महानुभावहरू,**

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०७८/५/०१, पत्र संख्या ०७८/७९, चलानी नं. ९५ को सूचना अनुसार यस संस्थाको २२ औं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि यही २०७८/०५/१६ गतेदेखि ३० गतेसम्ममा संस्थामा उपस्थित भई तपसिल बमोजिमको विषयहरूमा, प्रतिवेदनमाथिको सुझाव, सल्लाह वा संशोधन प्रस्ताव समेत भए सो सहित साधारणसभाको लागि लिखित जानकारी गराउन आग्रह तथा अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू:**

१. अध्यक्षज्यूद्वारा सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, वार्षिक कार्ययोजना प्रस्तुत एवम् पारित गर्ने ।

२. लेखा सुपरीवेक्षण समितिका संयोजकज्यूद्वारा आन्तरिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।

३. कोषाध्यक्षज्यूद्वारा आ.व.२०७७/०७८ को लेखापरीक्षण सहितको आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।

४. आ.व.२०७८/०७९ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने ।

५. सञ्चालक समितिबाट तय गरेको प्रस्तावित लाभांशको अनुमोदन गर्ने ।

६. आ.ब.२०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति एवम् पारिश्रमिक तोक्ने ।

७. २२ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण सदस्य र सञ्चालकको तर्फबाट प्रतिनिधि चयन गर्ने ।

८. अन्य संस्थालाई एक्वीजीसन र मर्जर गर्ने ।

९. विविध ।

प्रार्थी

**सञ्चालक समिति**

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

## २२ औं साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

संस्थाको २२ औं साधारण सभामा समुपस्थित सञ्चालक समितिका पदाधिकारी एवम् सदस्य, सल्लाहकार, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्य, ऋण लगानी तथा असूली उप-समिति, शिक्षा उप-समिति, कल्याणकारी उप-समिति, सहकारी प्रवर्द्धन उप-समिति, महिला परिचालन उप-समिति र पदपूर्ति उप-समितिका संयोजकज्यूहरू तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरू ।

सञ्चयको साधारणसभाका अवसरमा प्रथमतः यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । संघारमै रहेको बडादशैं २०७८ एवम् तिहार, छठ लगायतका चाडपर्वहरूमा सिंगो सञ्चय परिवारमा मंगलमय शुभकामना व्यक्त गर्दछु । दोस्रो वर्ष पनि हामी विश्वब्यापी रूपमा कोरोना भाइरसको संक्रमणबाट उत्पन्न असाधारण परिस्थितिका बीच वार्षिक साधारण सभामा छौं । कोभिड-१९ सँग जुध्न सरकारले लगाएको लकडाउन निषेधाज्ञा लगायतका कारण संस्थाका दैनिक कृयाकलाप सञ्चालन गर्न पनि कठिनाइ भएको अवस्थामा पनि सीमित कर्मचारी र सीमित समयसम्म कार्यालय खोलेर भए पनि शेयर सदस्यहरूलाई सेवा दिने प्रयत्न जारी नै राख्यौं ।

१. सहकारीको विश्वव्यापी मूल्य, मान्यता र सिध्दान्तलाई आत्मसात गर्दै अघि बढेको हाम्रो संस्था कोभीड-१९ महामारीका बाबजुद सदस्यहरूको संख्यात्मक र कारोबारको हिसाबले पनि अघि बढ्न प्रयत्नशील छ । यद्यपि लगातार दुइ बर्ष कोरोना संक्रमण जारी नै रहेको हुँदा संस्थाका गतिविधि केही खुम्चन पुगेको अवस्था छ । सञ्चयको बृहत परिवारभित्र आब ०७७/०७८ सम्म कूल १५४६ जना शेयर सदस्य संगठित छौं । पुरुष शेयर सदस्यको तुलनामा महिला शेयर सदस्यको संख्या अधिक भएको छ जसमा महिला शेयर सदस्य ८०० र पुरुष शेयर सदस्य ७४६ पुगेको छ । अघिल्लो बर्ष यो संख्या १५३८ थियो ।

२. यो वर्ष शेयर सदस्य संख्या नगन्य रूपमा बढेको छ भने कूल शेयर पुंजी रू १२ करोड ७८ लाख ६३ हजार ५ सय कायम रहेको जानकारी गराउँछु ।

३. अघिल्लो वर्षमा जस्तै हामीले यो वर्ष पनि तरलता आधिक्यताको समस्या भोग्यौं । कोभिड-१९ पछि त यो समस्या झनै जटिल बन्यो । तैपनि हामीले तरलतालाई व्यवस्थापन गर्ने प्रयत्न जारी राखेका कारण बैंकको ब्याज आम्दानी बढेको छ । संस्थाको समष्टिगत आर्थिक गतिविधि कोषाध्यक्ष राधाकृष्ण घिमिरेज्यूको प्रतिवेदनबाट जानकारी हुने नै छ ।

४. यस वर्ष कूल ३३७ जना शेयर सदस्य ऋण कारोबारमा संलग्न रहनु भयो । सबैभन्दा बढी व्यक्तिगत कर्जा र त्यसपछि क्रमशः व्यापार ब्यवसाय, शेयर धितो, मुद्दती रसिद धितो, सामाजिक, शैक्षिक र यातायात साधन कर्जा छन् ।

५. संस्थाको २१ औं वार्षिक साधारण सभा कोभिड-१९ कारण एकै ठाउँमा भेला भएर गर्न सम्भव नभएपछि सहकारी विभागको निर्देशन अनुसार २०७७ असोज १० गतेदेखि १५ दिनका लागि खुला गरियो र शेयर सदस्यज्यूहरूले स्वास्थ्य मापदन्ड अपनाएर कार्यालयमा पालैपालो उपस्थित भएर सहभागिता जनाउने ब्यबस्था मिलाइयो ।



६. संस्थाको विनियम सहकारी ऐन नियमसँग नबाझिने गरी संशोधन गरेर सहकारीको गण्डकी प्रदेश महाशाखाबाट अनुमोदन गरेर ०७७ मंसीरबाट कार्यान्वयनमा आएको छ ।

७. सहकारी संघसंस्थाहरूको गतिविधिमा कोभिड-१९ का कारण कमी आए पनि संस्थाले फोहर मैला व्यबस्थापन तथा कौंसी खेती तालिम सञ्चालन गऱ्यो जसमा अधिकांश महिला शेयर सदस्यहरू गरी ५० जनाको सहभागिता थियो । तालिमका लागि पोखरा महानगरपालिका वडा नं-८ कार्यालयले पनि सहयोग गरेको थियो । यस अवसरमा सहयोगका लागि वडा कार्यालयलाई धन्यवाद ज्ञापन गर्दछौं । तालिम पछिको प्रभाव अनुगमन गर्ने र यस वर्ष पनि वडा कार्यालयको सहयोगमा तालिमलाई निरन्तरता दिने कार्यक्रम राखिएको छ । जिल्ला सहकारी सहकारी संघ कास्कीले सहकारी दिवसका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा यस संस्थाका कोषाध्यक्ष राधाकृष्ण घिमिरेले प्रतिनिधित्व गरी रक्तदान समेत गर्नु भएको थियो । नेपाल सरकार, सहकारी विभागको आयोजनामा भएको सम्पत्ति शुद्धिकरण ऐन (२०६४ सम्वन्धि १ दिवसीय अभिमुखीकरण कार्यक्रममा संस्थाका वरिष्ठ सहायक सुनिता सिग्देल सुवेदीले सहभागिता जनाउनु भयो ।

८. आ.व. ०७७/०७८ मा सञ्चालक समितिको १५, लेखा सुपरीवेक्षण समितिको १७, सहकारी विनियम रकर्मचारी नियमावली संशोधन उप-समितिको १६, ऋण लगानी तथा असुली समितिको १२, कल्याणकारी उप-समितिको १, घरजग्गा उप-समितिको ३, सहकारी एकीकरण उप-समितिको १ र महिला परिचालन उप-समितिको ६ पटक बैठक बस्यो ।

९. संस्थागत सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिंदै गत चैत १ गते संस्थाको वार्षिकोत्सवका अवसरमा पोखरा महानगरपालिका हेमजामा रहेको मानव सेवा आश्रममा आश्रम गृह निर्माणका लागि २५ हजार सहयोग प्रदान गरियो । यस्तै नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको रक्त संचार केन्द्र भवन निर्माणका लागि रू २५ हजार सहयोग गरियो ।

१०. यस वर्ष हामीले शेयर सदस्यहरू टीकादेवी रानाभाट, बालकुमारी आचार्य, दुर्गा भाट, जगबहादुर गुरूङ, अग्नीप्रसाद सुवेदी र शिवकुमार बराललाई गुमायौं । संस्थाको परम्पराअनुसार परिवारजनलाई भेटेर समवेदना ब्यक्त गर्नुका साथै भेटी स्वरूप रू १०/१० हजार प्रदान गरियो ।

### कोभिड-१९ पछिका गतिविधि

कोभिड-१९ ले विश्वब्यापी रूपमा नै प्रभाव पारेको परिप्रेक्षमा हाम्रो सहकारी अछुत रहन सक्ने अवस्था रहेन । यसैलाइ मध्यनजर गर्दै सदस्यहरूको अधिकतम हित र कल्याणका लागी निम्नलिखित गतिविधि सञ्चालन गरिएको सम्मानित साधारण सभामा जानकारी गराउन अनुमति माग्छु ।

क) कोभिड-१९ को सामना गर्न स्थानीय प्रशासनले पटक पटक जारी गरेको लकडाउन, स्मार्ट लकडाउन, निषेधाज्ञा लगायतका नीति निर्देशनको पालना गर्दै कार्यालय र कर्मचारी ब्यबस्थापन गरिएको छ ।

ख) यो असहज परिस्थितिमा निक्षेप र कर्जाको ब्याज दरमा समायोजन गरिंदै आइएको छ ।

ग) महामारी लगायतका अन्य प्राकृतिक घटनामा सदस्यहरूको हितका लागि स्थापना गरिएको कल्याणकारी कोषबाट सम्पूर्ण सदस्यहरूको कोभिड-१९ बीमा गरिएको सम्मानित सभा जानकार नै छ । प्रिमियम बापत प्रति सदस्य रू ६००।- संस्थाले ब्यहोरेको र कुनै पनि सदस्यको कोभिड पिसिआर रिपोर्ट पोजेटिभ आएमा रू १ लाख भुक्तानी दावी गर्न सकिने व्यवस्था अनुसार हामीले कूल ५५ जनाको भुक्तानीका लागि दावी गऱ्यौं । तर नेपाल इन्स्योरेन्स कम्पनीले अहिलेसम्म केबल चार जनाको मात्र भुक्तानी दिएर बाँकी सबै शेयर सदस्यहरूको भुक्तानी रोकिएको अवस्था छ ।

घ) कार्यालयबाट बीमा रकम भुक्तानीका लागि दर्जनौं पटक लिखित र मौखिक ताकेता गर्नुका साथै कार्यालयमा पुगेर पटक पटक दबाब दिंदा पनि भुक्तानी हुन नसकेपछि थप दबाबस्वरूप पछिल्लो पटक सञ्चालक समिति, केही बीमा रकम पाउनु पर्ने शेयर सदस्यहरूसहित बीमाको कार्यालयमै गएर पत्रकार सम्मेलन गरेर प्रेस वक्तव्य जारी पनि गरियो । तर रकम पाउन नसकेको अवस्था छ । सरकारले दिनुपर्ने रकम उपलब्ध नगराउँदासम्म भुक्तानी दिन नसकिने सम्वन्धित कार्यालयको भनाइ छ । वीमा गर्दा सरकारले वीमालाई रकम दिएको अवस्थामा मात्र भुक्तानी दिन सकिने भन्ने शर्त नभएको हुँदा न्यायको ढोका ढक्ढक्याउनु पर्ने अवस्था देखिएको छ ।

ङ) कोभिड-१९ संक्रमणको असहज अवस्थामा सञ्चालक समिति र कर्मचारीले पनि संस्थालाई केही योगदान दिनुपर्छ भन्ने मनशायले सञ्चालक समितिका सदस्यहरूले ३ वटा मिटिङको बैठक भत्ता नलिएको, संस्थाका अध्यक्षबाट गत बैशाख महिनाको १५ दिनको भत्ता नलिने र कर्मचारीहरूले पनि बैशाख महिनामा लकडाउन हुँदा आफ्नो विदा खर्च गरेका छन् ।

अब म आ.ब. ०७८/०७९ का लागि संस्थाको कार्य योजना प्रस्तुत गर्न सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

क) जग्गा खरीद गरिसकेर पनि हामीले संस्थाका लागि आवश्यक भवन निर्माण अझै गर्न सकेका छैनौं । अन्यत्र उपयुक्त ठाउँमा फराकिलो जग्गा ब्यबस्थापन गर्न नसकिएको हुँदा आ ब ०७८/०७९ मा पृथ्वीचोक नजिकै रहेको जग्गामा भवन निर्माणका लागी ड्रइङ डिजाइन लगायतका प्रारम्भिक कामहरू सुरू भएको र विधिवत् टेण्डर प्रकृयामा गएर भवन निर्माण कार्य सुरु गर्न सम्मानित साधारण सभाको अनुमतिका लागि अनुरोध गर्दछु । भवन निर्माणार्थ ०७८/०७९ का लागि रू १ करोड ५० लाख रकम विनियोजन गरिएको र यसको अनुमोदनका लागि साधारण सभा समक्ष निवेदन गर्दछु ।

ख) कोभिड-१९ नियन्त्रणमा आइ अनुकूल वातावरण भएमा संघीय संरचना अनुसार सहकारीका ऐन नियमावली आइसकेका र तदनुरूप संस्थालाई अघि बढाउन विशेषज्ञको सहयोग लिएर दीर्घकालीन योजना तर्जुमा र रणनीतिको खाँचो पर्ने हुँदा दीर्घकालीन योजना तर्जुमा गोष्ठी गर्ने योजना बनाएका छौं ।

ग) संस्था बहुउद्देश्यीय वा वचत तथा ऋण जुनसुकै प्रकृतिको भए पनि संस्थाको निश्चित प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी अनिवार्य गरिएको हुँदा फार्मिङ सञ्चालनका लागि केही जग्गा किन्ने योजनालाई यथावत राखिएको छ । अन्य उपर्युक्त कार्यक्रम भएमा सुझावका लागि शेयर सदस्यज्यूहरूमा हार्दिक आग्रह गर्दछु ।

घ) सहकारीको एकीकरणमा पनि सहकारी ऐन नियमले जोड दिएको छ । हामी उपर्युक्त सहकारीहरूसंग एकीकरण गर्न र समस्याग्रस्त नभएको कुनै पनि सहकारी समाहित हुन चाहेमा पनि खुला छौं ।

ङ) अनुकूल अवस्था सिर्जना भएमा सहकारी आधारभूत तालिम, सहकारी अवलोकन भ्रमण, कर्मचारी उत्प्रेरणा तालिम, शेयर सदस्यहरूलाई कौशी खेती तालिम लगायतका सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ ।

संस्थाको बहुउद्देश्यीय चरित्रका दृष्टिकोणले हेर्दा हामीले लगानीमा विविधता ल्याउन नसकेको स्वीकार्नै पर्छ । तैपनि माथिल्लो हुग्दीमा रूरू हाइड्रो पावर (जलविद्युत) क्षेत्रमा गरेको १० लाख लगानीले केही वर्षदेखि प्रतिफल दिन थालेको छ । राष्ट्रिय सहकारी बैंकमा संस्थाको शेयर लगानी बढाएर रू १० लाख पुगेको छ । यसबाट पनि मुनाफा आर्जित भएको छ ।



"हुलमुलमा जिउ जोगाउनु अनिकालमा बिउ जोगाउनु" भन्ने उक्तिलाई मनन गर्दै कोभिड-१९ ले सृजना गरेको प्रतिकुल परिस्थिति जारी नै रहेको हुंदा संस्थालाई मितब्ययी ढंगले चलाउने हाम्रो सोच छ । अहिलेको प्रतिकुल अवस्थामा संस्थाको आर्थिक कृयाकलाप खस्कन नदिन वचत र ऋण सम्वन्धि गतिविधि संस्थामा नै गरिदिनु हुन सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई संस्थाको तर्फबाट हार्दिक हार्दिक आग्रह गर्दछौं ।

अन्त्यमा समष्टिगत रूपमा हेर्दा प्रतिकुल अवस्थाका कारण आर्थिक कृयाकलाप खुम्चदै गएको अवस्थामा कोभिड-१९ ले झनै संकट सिर्जना भएको छ । तर हामीले सोचेजति काम गर्न नसके पनि निराश हुनुपर्ने अवस्था भने छैन । सरकारको सहकारीप्रतिको दृष्टिकोण र नीति एवं मुलुकमा विद्यमान लगानीको वातावरण एवं हामी सम्पूर्ण शेयर सदस्यहरूको कृयाशीलतामा संस्थाको भाग्य र भविष्य निर्धारण गर्ने विषयमा हामी सबै जानकार नै छौं । आसन्न बडा दशैंको पावन अवसरमा सबैमा पुनः हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै बिदा हुन्छु ।

**जय सहकारी ।**

**नारायण बहादुर कार्की**
अध्यक्ष

## सहकारीका सात सिद्धान्तहरु

१ स्वैच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)

२ सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)

३ सदस्यको आर्थिक सहभागिता (Member Economic Participation)

४ स्वायत्तता तथा स्वतन्त्रता (Antonomy and independaence)

५ शिक्षा, तालिम र सूचना (Education, Training & Information)

६ सहकारी संस्थाहरु बिच सहयोग (Co-operation Among Co-operatives)

७ समुदायप्रति चासो (Concern for Community

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

## २२ औं वार्षिक साधारणसभामा प्रस्तुत आ.व. २०७७/२०७८ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा समितिका साथीहरू, ऋण उप-समिति, शिक्षा उप-समिति, सहकारी प्रवर्द्धन उप-समिति, महिला परिचालन उप-समिति, कल्याणकारी कोष, पदपूर्ति उप-समिति लगायत विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू तथा उपस्थित शेयर सदस्य महानुभावहरू र संस्थाका सम्पूर्ण कर्मचारी साथिहरू ।

आज यस सम्मानित सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट आर्थिक वर्ष २००७७/२०७८ को वार्षिक प्रतिवेदन पेश गर्न चाहन्छु ।

सहकारीको नाम : सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ठेगाना : पोखरा -८, सृजनाचोक

१. **अघिल्लो साधारण सभाका निणर्यहरूको अवस्था :-**

गत वर्ष मिति २०७७/०६/१० गते देखी मिति २०७७/०६/२५ गतेसम्म सम्पन्न २१ औं वार्षिक साधारण सभाले गरेका निणर्यहरूको कार्यान्वयन पक्ष राम्रो छ ।

२. **आ.व २०७७/२०७८ मा बसेको बैंठको संख्या :**

सञ्चालक समितिको बैंठको संख्या - १५

लेखा सुपरीवेक्षण समितिको बैंठक संख्या - १७

ऋण उप-समितिको बैंठकसंख्या - १२

महिला परिचालन उप-समितिको बैंठक - ६

सदस्य कल्याणकारी कोष उप-समिति बैंठक - १

विनियम संशोधन उप-समिति - १६

भवन निर्माण/घरजग्गा खरिद बिक्री उप-समिति - ३

३. **बैंठकको निणर्यको कार्यान्यनको अवस्थाः** निर्णय अनुसार क्रमिक रूपमा कार्यान्वयन भईरहेको ।

४. **कर्जा लगानीको प्रक्रिया, कर्जा असुली, कर्जाको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

कर्जा लगानी गर्दा रू. १० लाख भन्दा माथिको कर्जामा प्राविधिक, कर्जा लगानी उप-समिति र कार्यालय स्तरीय कर्जा कमिटी समेतबाट धितो लिने घरजग्गाको स्थलगत रुपमा अध्यायन, परियोजनाको निरीक्षण पश्चात् प्राबिधिक मुल्यांकन प्रतिवेदनका आधारमा कर्जा लगानी उप-समितिको निर्णयबाट कर्जा लगानी हुने गरेको, १० लाख भन्दा कम रकमको कर्जा लगानी कार्यालय स्तरीय कर्जा कमिटी (कर्मचारी) बाट हुने गरेको । कर्जा लगानी उप-समितिको निर्णयबाट र कार्यालय स्तरीय कर्जा कमिटीबाट लगानी गरिएका सबै कर्जाहरू लगानी पश्चात् बसेको सञ्चालक समितिको बैठकले अनुमोदन गर्ने गरेको । भाखा नाघेका कर्जाहरूको सम्बन्धमा तरताकेता भैरहको, कर्जाको भाखा नाघेर तरताकेता गर्दा समेत सम्पर्कमा नआएका एकजना ऋणिको धितो लिलाम गरेर कर्जा असुल गर्नुपर्नेमा लकडाउनको कारण प्रक्रिया अगाडि बढाउन ढिलाई भएको सम्बन्धमा लकडाउन खुले पश्चात् तुरून्तै प्रक्रिया अगाडि बढाएर कर्जा असुली गर्न निर्देशन दिने कार्य भयो ।

५. **सहकारी महाशाखाबाट जारी गरिएका मापदण्डहरूको पालना सम्वन्धी संक्षिप्त विवरण :**

सस्थाले सहकारी महाशाखाबाट जारी गरिएका मापदण्ड पूर्णरूपले पालना गरेको पाईयो ।

६. **सहकारी विभाग, महाशाखा वा सम्वन्धित संघले अनुगमन गरी दिईएका प्रतिवेदन अनुसारका निर्देशन सुझावहरू कार्यान्यन सम्वन्धित विवरणहरू :**

सहकारी महाशाखा कार्यालय कास्कीले दिइएका सुझाव तथा निर्देशनको पालना एवम् कार्यान्वयन गरेको पाईयो ।

७. **कर्मचारी प्रशासन सम्वन्धित व्यवस्थाहरू :**

क) कर्मचारी प्रशासन/मानव संशाधन व्यवस्थापन नीति प्रयोगमा ल्याइएको ।

ख) यो आ. व. मा नयाँ कर्मचारी भर्ना गरिएको छैन । सञ्चालक समितिको वैठकबाट करार अबधि समाप्त भएका कर्मचारीलाई ३ महिना र ६ महिना करार अबधि थप गरिएकोमा त्यसरी करार अबधि थप गरिएको मध्ये प्रबन्धकको करार यही २०७८ भदौ सम्ममा र कार्यालय सहयोगी आदर्श तामाङको करार अबधि २०७८ कात्तिक मसान्त सम्म कायम रहेको अर्को एकजना कार्यालय सहयोगी बालकुमारी तामाङको करार अबधि थप नगरेर कार्यालय सरसफाईको लागि आंशिक ज्यालादारीमा बालकुमारी तामाङलाई नियुक्त गरिएको पाईयो । सुरक्षा गार्डको रूपमा सेक्युरिटि प्रा.लि. मार्फत १ जना सुरक्षक करारमा लिईएको ।

ग) संख्या :

स्थायी : ७ जना,

अस्थायी : छैन ।

करार कर्मचारी : सुरक्षक बाहेक २ जना (प्रबन्धक र कार्यालय सहयोगी)

ज्यालादारी : १ जना

जम्मा : १० जना (सुरक्षक बाहेक)

८. **लेखा समितिले यस अघि दिएका सुझावहरूको कार्यान्वयनको अवस्था :**

क) लेखाको हिसाब राख्ने प्रणाली प्रचलित दोहोरो लेखा प्रणाली सफ्टवेयर प्रयोग गरी कम्प्युटरमा राखिएको पाईयो ।

ख) आयकर ऐन अनुसार संस्थाले बुझाउनु पर्ने सबै प्रकारको कर आन्तरीक राजश्व कार्यालयमा समयमा नै दाखिला गरेको पाईयो ।

ग) संस्थाले दशैंको ५ दिन र तिहारको ३ दिने बाहेक सबै दिन नै सदस्यहरूलाई सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाको कार्यालय समय माघ १६ गते देखि कात्तिक १५ गतेसम्म बिहान ९.३० बजेदेखि बेलुका ५.३० बजेसम्म र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिना बिहान ९:३० बजेदेखि अपरान्ह ४:३० बजेसम्म कायम रहेको । शनिवार र सार्वजनिक बिदाको दिन बिहान १०:०० बजे देखि दिउँसो

२:०० बजेसम्म मात्र कायम रहेको ।

घ) संस्थाले सुरक्षणको लागि काउन्टरको रू. १५ लाख, भल्टको रू. १५ लाख र रकम स्थानान्तरण (बैंकहरूमा पैसा जम्मा गर्न लैजादा र बैंकबाट रकम ल्याउँदा) को रू. १५ लाखको वीमा गरेको पाईयो ।

ङ) सबै सदस्य लगायत कर्मचारीहरूको रू. १/१ लाखको कोविडको बीमा गरेकोमा बीमा अबधि कायम रहँदासम्म (२०७७ चैत्र मसान्तसम्म) संक्रमित भएका जम्मा सदस्य ५५ जना मध्ये ४ जनाको मात्र बीमा दाबी रकम भुक्तानी आएको ।

च) नाफा नोक्सान नगद प्रवाह वासलातहरू सम्वन्धी विस्तृत विवरण लेखा परीक्षको प्रतिवेदनमा पेश भएकाले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनमा उल्लेख नगरिएको व्यहोरा अनुरोध गर्दछौं ।

छ) सहकारी मापदण्ड बमोजिम ऋणको अवधि वर्गीकरण गरी सो को आधारमा कर्जा नोक्सानी व्यवस्था गरेको पाईयो ।

**लेखा सुपरीवेक्षण समितिको सुझावहरू :**

१. संस्थामा पर्याप्त तरलता भएकोले कर्जा लगानी बढाएर संस्थाको आम्दानीमा बढोत्तरी गर्नुपर्ने ।

२. भाखा नाघेका र नियमित नभएका कर्जाहरूका ऋणी, धनजमानीकर्तालाई समयमा तरताकेता गरेर कर्जा असुली तर्फ विशेष पहल गर्नुपर्ने ।

३. संस्था सञ्चालनको क्रममा सञ्चालक तथा व्यवस्थापन पक्षबाट संस्थाको विनियम, साधारण सभाका निर्णयहरू, प्रतिवेदनहरूमा उल्लेखित सुझाव र कार्यक्रमहरू सञ्चालक र लेखा समितिका निर्णयहरू समय समयमा पुनरावलोकन गर्दै जानुपर्ने ।

४. विगत लामो समयदेखी पाउन बाँकी भनी देखाएको सञ्चय मनि ट्रान्सफर को रू. ३,४०,९३८।७७ हाल सम्म पनि प्राप्त नभएको हुनाले सो रकम सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको नाममा आउनु पर्ने देखिन्छ ।

५. कारोवार नहुने बैंक खाता बन्द गर्नु पर्ने देखिन्छ ।

शेयर सदस्य महानुभावहरू,

यस अवधिमा लेखा समितिको तर्फबाट हामी संस्थाको हित एवं उन्नति प्रगतिको लागी सहकारीको नीति नियम र प्रचलित लेखा प्रणाली अनुसार आन्तरीक लेखा परीक्षण सम्पन्न गर्दै गरी हरेक साधारण सभामा जानाकारी दिदै आएका छौं । साधारण सभाको निर्देशन अनुसार सम्पन्न गरेका समग्र गतिबिधिहरूलाई यहाँहरूले सकारात्मक रूपले मूल्यांकन गर्नु हुने नै छ भन्ने आशा एवं विश्वासका साथ यो प्रतिवेदन पेश गरेका छौं । यसमा यहाँहरूको सुझावको कार्यन्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं । संस्थालाई अझ बढी सवल पारदर्शी र उन्नत बनाउन लेखा समिति सदैव तत्पर छ । अन्त्यमा हाम्रो कार्य सम्पादनमा सहयोग गर्ने सम्वद्ध सवैलाई आभार व्यक्त गर्दै यो संक्षिप्त प्रतिवेदन छलफलपछि पारित गरीदिनुहुन यस सम्मानित सभालाई हार्दिक अनुरोध गर्दछु ।

| नेत्रनारायण सुवेदी | कृष्णप्रसाद शर्मा | यामनारायण लामिछाने |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |



# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

## २२ औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत

आ.व.२०७७/७८ को आर्थिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, सल्लाहाकारज्यूहरू, लेखा सुपरिवक्षण समितिका पदाधिकारीज्यूहरू, लगायत कर्जा लगानी उप-समिति, शिक्षा उप-समिति, पदपूर्ति उप-समिति, कल्याणकारी उप-समिति, महिला परिचालन उप-समिति र सहकारी प्रवर्द्धन उप-समितिका पदाधिकारीज्यूहरू र संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरू

संस्थाको २२ औं साधारण सभाको अवसरमा प्रथमतः यहाँहरूलाई हार्दिक स्वागत गर्दछु । मैले कोषाध्यक्षको हैसियतले संस्थाले यस अर्थिक वर्ष २०७७/७८ मा हासिल गरेका उपलब्धिहरू, र हालसम्मको संस्थाको वित्तीय विवरण सहितको प्रतिवेदन संक्षेपमा यहाँहरू समक्ष प्रस्तुत गरेको छु । शेयर सदस्यज्यूहरू, यस वर्ष पनि विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) को संक्रमणको कारण, संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट २०७७ वैशाखदेखि आर्थिक वर्षको अन्त्यसम्म नै आंशिक तथा पूर्ण लकडाउन गरेको अबस्थाले गर्दा सबै क्षेत्रहरू प्रभावित हुन गएको कारण गत वर्षको २१ औं साधारण सभामा प्रस्तावित लक्ष्य अनुसारको आशातित प्रगती हुन नसके तापनि समग्रमा सकारात्मक रहेको छ । यस सहकारीद्वारा मासिक रूपमा नै कर्जाको व्याज असुल गरिदै आएको भए तापनि वैशाखदेखि आर्थिक वर्षको अन्त्यसम्म कर्जाको किस्ता र व्याज असुलीमा कमी हुन गयो । यस आर्थिक वर्षमा बचत संकलन र कर्जा लगानी दुबैमा कमी हुन गए तापनि भाखा नाघेका कर्जाहरू समयमा व्यवस्थापन गर्नसकेको कारण कर्जा नोक्सानी व्यवस्थामा थप व्यवस्था गर्न नपरेकोले सहकारीको खुद आम्दानी गत वर्षको तुलनामा बढ्न गएको छ । यस आ.व. मा बैंकहरूले सहकारीहरूलाई दिईरहेको निक्षेपको व्याजदर घटाएर साह्रै न्यून दिएको कारण हामीले पनि सदस्यहरूलाई उपलब्ध गराएको व्याजदरमा परिमार्जन गुर्न पऱ्यो भने ऋणी सदस्यहरूले तिर्नुपर्ने कर्जाको व्याजदर पनि सोही अनुसार समायोजन गरी घटायौं । बैंकहरूले दिने कर्जाको ब्याजदर कल डिपोजिटमा गत वर्षहरूमा ४५ देखि ७५ सम्म भएकोमा यस आ.व. मा "क" वर्गका बैंकहरूले ०.२५५ सम्म तल झारे भने विकास बैंकहरूले १५ सम्म झारको अबस्थामा पनि हामीले दैनिक कारोवारको लागि चाहिनेभन्दा बढी रकम मुद्दती खातामा राखेर नगद व्यवस्थापन गरेकोले बैंकबाट प्राप्त हुने ब्याज गत आ.व.को भन्दा यस वर्ष थोरै भएपनि बढाउन सफल भयौं । समष्टिगत रूपमा हेर्दा कोरोना/लकडाउनको कारण आर्थिक कृयाकलाप खुम्चदै गएको बाबजुद हामीले सोचेजति काम गर्न नसके तापनि गतवर्षको भन्दा खुद आम्दानी वृद्धि भएको छ ।

संस्थासँग लगानी योग्य रकम पर्याप्त रहेको अवस्थामा कर्जा सुविधा उपभोग गरी आफ्नो व्यापार व्यवसाय वृद्धि गर्नुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरूमा आग्रह गर्दछु । "ऋण भनेको घिन हो" भन्ने मानसिकता त्यागौं र ऋण भनेको "लगानी योग्य पूंजी हो" भन्ने सोच राखौं । पूंजीको अभावमा कोही पनि शेयर सदस्य व्यवसाय गर्नबाट बञ्चित हुन नपरोस् । सजिलोसँग कर्जा उपलब्ध गराउन हामी प्रयासरत रहने छौं ।

शेयर सदस्यज्यूहरू, यस वर्षको आर्थिक प्रतिवेदन सवै सदस्यज्यूहरूले प्राप्त गरिसक्नुभएको छ । विस्तृत विवरण प्रतिवेदनको वासलात, आय ब्यय विवरण, अनुसूचीहरू र आगामी वर्षको प्रस्तावित अनुमानित बजेट समावेश गरिएको छ । अब म प्रतिवेदनमा उल्लेख भएको मुख्य शीर्षकहरूको विवरण संक्षेपमा राख्न चाहन्छु ।

१. **शेयर पुँजी :**

गत आ.व. मा शेयर सदस्य संख्या १५३८ र पुँजी रू. १२ करोड ७९ लाख ६३ हजार ५०० रहेकोमा यस आ.व. मा २३ जना नयाँ सदस्यहरू थप भै १५ जना सदस्यले सदस्यता त्याग गरी यस आ.व.मा जम्मा शेयर सदस्य संख्या १५४६ र पुँजी रू. १२ करोड ७८ लाख ६३ हजार ५०० कायम भएको छ ।

२. **निक्षेप :**

गत वर्ष संस्थाको कुल निक्षेप रू. ४८ करोड ४६ लाख २८ हजार ३०३/४५ भएकोमा यस आ.व.मा २ करोड ५४ लाख ८५ हजार ६२०/५५ (५.२६५) ले घट्न गई ४५ करोड ९१ लाख ४२ हजार ६८२/९० रहेको छ । यस आ.व. को अन्तसम्म शेयर सदस्य, सदस्यका नाबालक र आश्रित परिवारका सदस्य समेतको गरी जम्मा ३६९३ निक्षेप खाताहरू सञ्चालित छन् । सम्पूर्ण शेयर सदस्यहरूले मासिक, नियमित रूपमा न्यूनतम रू. १,०००/- अनिवार्य जम्मा गर्दै जानु पर्नेमा लगभग ४० जना शेयर सदस्यहरू निस्कृय रहेको छन् । निस्कृय सदस्यहरूलाई समेत सकृय गराउने तर्फ पहल भएको छ ।

३) **ऋण तथा लगानी :**

कुल कर्जा लगानी गत आ. व. मा रू ५१ करोड ४१ लाख ०८ हजार ३६५/०२ रहेकोमा यस आर्थिक वर्षमा ११.३९ प्रतिशतले घट्न गएर जम्मा रू ४५ करोड ५५ लाख ५३ हजार ४३५/५५ रहेको छ ।

| | |
|---|---|
| कुल कर्जामध्ये व्यक्तिगत शीर्षकमा | ६०.५७ प्रतिशत, |
| व्यवसायिक कर्जामा | २९.२१ प्रतिशत, |
| आवासमा | ४.४२ प्रतिशत, |
| शेयर धितोमा | ५.४१ प्रतिशत |
| मुद्दती रसिद कर्जामा | ०.३९ प्रतिशत रहेको छ । |

कुल ऋण लगानीको ०.१९ प्रतिशत रू. ८,६७,८५४/८७ एकवर्ष भन्दा बढीले भाखा नाघेको (खराब) कर्जा रहेको छ । गत वर्षको भन्दा यस वर्ष खराब कर्जा १ लाख ८३ हजार ४४६ रुपैयाँले बढ्न गएको छ । भाखा नाघेको कर्जाको विस्तृत विवरण अडिटको प्रतिवेदनमा उल्लेख गरिएको छ । संस्थाले लगानी गरेको सम्पूर्ण कर्जाको नियमानुसार १ प्रतिशतदेखि शतप्रतिशतसम्म कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

४) **आम्दानी र खर्च तर्फ :**

आम्दानी र खर्चहरूको विस्तृत विवरण लेखा परीक्षक प्रतिवेदनको अनुसूचीहरूमा उल्लेख गरिएको छ ।

**अध्यक्ष तथा सदस्यज्यूहरू,**

रजिष्टर्ड लेखा परीक्षक एच पि खनाल एसोसिएटस् चार्टर एकान्टेन्टसबाट अन्तिम लेखा परीक्षण भई तयार पारिएको यो आर्थिक प्रतिवेदनमाथि छलफल गरेर पारित गरिदिनहुन सम्मानित साधारण सभासमक्ष अनुरोध गर्दछु । छलफलको क्रममा आउने जिज्ञासाहरूलाई शान्त पार्नुका साथै रचनात्मक सुझावहरूलाई स्वागत र सम्बोधन गरिने छ । अन्तमा कोषाध्यक्षको हैसियतमा मलाई सहयोग गर्ने सम्पूर्ण शेयर सदस्यज्यूहरू लगायत वर्तमान कार्य समिति, लेखा समिति, विभिन्न उप-समितिका संयोजक, पदाधिकारी र सदस्यज्यूहरू सहित सम्पूर्ण कर्मचारीवर्गप्रति आभार प्रकट गर्दछु ।

.................................

राधाकृष्ण घिमिरे

कोषाध्यक्ष



# H.P. KHANAL & ASSOCIATES
## CHARTERED ACCOUNTANTS

Regd. Office:-
Pokhara-7, Ratnachowk, Kaski
+977-9856023284, 9846023772
ca.hpkhanal@gmail.com
h.p.khanalandassociates@gmail.com
061-462266

**सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका**
**शेयर सदस्य महानुभावहरु समक्ष प्रस्तुत**
**आ.व.२०७७।०७८ को स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन**

शेयर सदस्य महानुभावहरु,

**प्रतिवेदनसंग सम्बन्धित वित्तिय विवरणहरु**

हामीले ***श्री सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पोखरा ८, कास्कीको*** यसै साथ संलग्न २०७८ आषाढ ३१ गतेको वासलात सो एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटिमा भएको परिबर्तन को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

नेपाल लेखामान प्रतियेदन मान (Nepal Financial Reporting Standadrs (NFRS) अनुरुप सहकारी संस्थाको वित्तिय विवरणहरु तयार गर्नुपर्ने गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट निर्देशन जारी गरिएको सन्दर्भमा, संस्थाले NFRS अपनाइसकेको अवस्था नरहेको हुँदा यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु विगतमा अपनाइएका लेखा नीतिहरु अनुरुप नै तयार गरिएका छन् । तसर्थ ती विवरणहरुले NFRS अनुरुप वित्तिय सूचना प्रवाह गर्दैनन् ।

**वित्तीय विवरण उपर सहकारी व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी यसै सहकारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखानीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखाअनुमानहरु लागु गर्ने पर्दछन् । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरण उपर लेखापरीक्षणका आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

**लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान, सहकारीको लेखापरीक्षण निर्देशिका र सहकारी विभागले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने पर्दछन् ।

क्रमश:

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइ गर्ने यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पुर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी/यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्बेश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षणको कैफियत सहित राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**उपरोक्त आधारमा लेखापरीक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :**

१.हामीले लेखापरीक्षण शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराको सन्तोष जनक जवाफ पायौं ।

२.हामीले सहकारीबाट प्राप्त गरेका विवरणहरु लेखापरीक्षणको लागि पर्याप्त छन् । सहकारीले आफ्नो हिसाव किताव, श्रेस्ताहरु ठिकसँग राखेका तथा पेश गरेको वासलात तथा नाफा नोक्सान हिसाब एवम् नगद प्रवाह विवरण प्रचलित ऐन अनुरुप तयार गरिएका छन् ।

३.संलग्न वासलात र नाफा नोक्सान हिसाब सहकारीको लेखासंग ठीक दुरुस्त छन् ।

४.संस्थाले यस आर्थिक वर्षमा कुनै कर्जा अपलेखन गरेको छैन ।

५.संस्थाले सहकारी विभागले दिएको निर्देशनअनुरुप सन्तोषप्रद कार्यक्षेत्र अन्तर्गत रहेर कार्य संचालन गरेको पाईयो ।

६.संस्थाले सदस्यहरुको हित संरक्षण विरुद्ध कुनै कार्य गरेको गराएको हाम्रो जानकारीमा आएको छैन ।

७.नेपाल लेखामान ६ अनुसार स्थिर सम्पत्तिको प्रयोग योग्य आयु अनुमान गरी ह्रासकट्टी गर्नुपर्नेमा लेखासंग सम्बन्धित लेखा नीतिको बुँदा नं.४ मा उल्लेख गरिए अनुसार सहकारीले अवलम्बन गरेको ह्रासकट्टी नीति उल्लेखित लेखामान अनुरुप छैन तथा लेखा नीतिको बुँदा नं.१(ग) मा उल्लेख गरिए अनुसारको सहकारीको बचत तथा ऋण कारोवारको तर्फको ब्याज आम्दानी, र कमिशन आम्दानी लेखांकन नीति नेपाल लेखामान ७ अनुरुप छैन । त्यसै गरी लेखा नीतिको बुँदा नं.३(ख) मा उल्लेख भए अनुसार सहकारीको स्थगन कर लेखांकन नगर्ने नीति नेपाल लेखामान ९ अनुरुप छैन ।

८. हामीलाई उपलब्ध गराएको स्पष्टीकरण र हामीले गरेको परीक्षणको आधारमा सहकारीको संचालक समितिको कुनै संचालक वा कर्मचारीले लेखासंग सम्बन्धित कानूनी व्यवस्था विपरित कामकाज गरेको वा सहकारीको बेहिसाव गरेको वा सहकारीको हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

H. P. Khanal & Associates Chartered Accountants Pokhara



**लेखापरीक्षकको राय**

**संस्थाले NFRS अपनाइ सकेको अवस्था नरहेको हुँदा ती विवरणहरुले NFRS अनुरुप वित्तिय सूचना प्रवाह नभएको विषयलाई ध्यानाकर्षण गर्दै हामी राय व्यक्त गर्दछौं कि,**

हाम्रो विचारमा हामीले पाएसम्मको जानकारी हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचनाको आधारमा सहकारीको संलग्न आर्थिक विवरण तथा सोही साथ संलग्न गरिएको लेखासंग सम्बन्धित टिप्पणी साथै अध्ययन गर्दा, बुँदा नं.७ मा उल्लेख गरिएको व्यहोराले वित्तीय विवरणमा पर्न सक्ने असर बाहेक :

अ. संलग्न वासलातले सहकारीको २०७८ साल आषाढ ३१ गतेको आर्थिक अवस्था :

आ. नाफा नोक्सान हिसावले सहकारी संस्थाको उक्त मितिमा समाप्त आर्थिक वर्षको संचालन नोक्सान तथा

इ. नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणले उल्लेखित मितिमा समाप्त आर्थिक वर्षको क्रमशः नगद प्रवाह तथा इक्वीटीमा भएको परिवर्तनको उचित एवं यथार्थ चित्रण गर्दछ ।

साथै यी वित्तिय विवरण तयार गर्दा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा माथी उल्लेख गरिएकोमा बाहेक नेपाल लेखामानको पालन भएको छ ।

H. P. Khanal & Associates Chartered Accountants Pokhara

मिति : २०७८।०५।०९

स्थान : पोखरा ।

सि.ए.हरि प्रसाद खनाल

प्रोपाइटर

एच.पि.खनाल एण्ड एशोशियट्स

चार्टर्ड एकाउन्टेन्ट्स

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

सृजनाचोक,पोखरा म.न.पा.-०८, कास्की

बित्तीय स्थितिको विवरण

(Statement of Financial Position)

मिति २०७८/०३/३१ मा

| विवरण | अनुसूची | यस आ.व.को रकम रू. | गत आ.व.को रकम रू. |
|---|---|---|---|
| पुंजी तथा दायित्व | | | |
| शेयर पुंजी | १ | १२७,८६३,५००।०० | १२७,९४३,५००।०० |
| कोष हिसाब | २ | ८०,८६२,४८५।९७ | ६६,६३१,४७४।११ |
| | | | |
| बचत तथा निक्षेप हिसाब | ३ | ४५९,१४२,६८२।९० | ४८४,६२८,३०३।४५ |
| चालु दायित्व तथा व्यवस्था | ४ | २६,००१,९५९।६६ | ३२,९९२,५८९।४५ |
| कर दायित्व | ५ | ३,७६६,४००।९२ | ३,०२७,२६५।५५ |
| अन्य दीर्घकालीन दायित्व | | - | - |
| स्थगन कर दायित्व | | - | - |
| जम्मा | | ६९७,६३७,०२९।४५ | ७१५,२२३,१३२।५६ |
| सम्पत्ति तथा जायजेथा | | | |
| नगद मौज्दात | ६ | ६९२,३६१।७१ | ६५५,१३४।२० |
| बैंक मौज्दात | ७ | २१०,२८७,०२३।२३ | १६५,७७५,६२७।६७ |
| लगानी हिसाब | ८ | २,३३०,५००।०० | २,३३०,५००।०० |
| कर्जा तबथा सापटी लगानी | ९ | ४५५,५५३,४३४।५५ | ५१४,१०८,३६५।०२ |
| चालु सम्पत्ति, पेश्की तथा धरौटी | १० | ६,३३३,३८६।१७ | ९,७८१,८५३।६१ |
| स्थिर सम्पत्ति | ११ | २२,४४०,३२३।७९ | २२,५७१,६५२।०६ |
| अन्य दीर्घकालीन सम्पत्ति | | - | - |
| स्थगन कर सम्पत्ति | | - | - |
| जम्मा | | ६९७,६३७,०२९।४५ | ७१५,२२३,१३२।५६ |
| प्रमुख लेखा नीति तथा टिप्पणीहरू | १५ | - | |

हाम्रो आजको मितिको संकलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सूर्य प्रसाद बराल | राधा कृष्ण घिमिरे | नवराज पौडेल | नारायण काकी | सि.ए. हरि प्रसाद खनाल |
| प्रबन्धक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | प्रोपाइटर |
| | | | | एच.पि. खनाल एण्ड एशोसियट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः २०७८/०५/०१

स्थानः पोखरा, कास्की



## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

सृजनाचोक,पोखरा म.न.पा.-०८, कास्की

नाफा/नोक्सान हिसाबको विवरण (आय विवरण)

मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

| विवरण | अनुसुची | यस आ.व.को रकम रू. | गत आ.व.को रकम रू. |
|---|---|---|---|
| **क. वित्तीय कारोवारवाट आम्दानी/खर्च** | | | |
| ब्याज आम्दानी | १२ | ६३,२०६,२६२।२२ | ७७,३७८,१५७।८२ |
| ब्याज खर्च | १३ | ३७,५८५,४४८।८७ | ५०,६१३,०१६।८२ |
| बित्तीय कारोवारवाट खुद आम्दानी/खर्च | | २५,६२०,८१३।३५ | २६,७६५,१४१।०० |
| **ख. रेमिटेन्स कारोवारवाट कमिसन आम्दानी** | **१२** | **१३७,१६१।५५** | **१८५,३३२।९३** |
| सम्पूर्ण उद्देश्य बाट प्राप्त कुल आम्दानी | | २५,७५७,९७४।९० | २६,९५०,४७३।९३ |
| अन्य संचालन आम्दानी | १२ | ३२५,२८५।४६ | ६१९,९७१।३१ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १२ | १४,४६५,२८३।२१ | १४,३३६,३००।२१ |
| कुल संचालन आम्दानी | | ४०,५४८,५४३।५७ | ४१,९०६,७४५।४५ |
| प्रशासनिक खर्च | १४ | ६,९३५,७६६।५२ | ७,३७८,८७१।८८ |
| ह्रास कट्टी खर्च | ११ | १४८,०४६।३० | १८०,७१४।५६ |
| | | | |
| सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा | | ३३,४६४,७३०।७५ | ३४,३४७,१५९।०१ |
| सम्भावित नोक्सानी व्यवस्था | ९ | ०।०० | १,२२३,५१४।२१ |
| संचालन मुनाफा | | ३३,४६४,७३०।७५ | ३३,१२३,६४४।८० |
| गैर संचालन आम्दानी | १२ | २५४,६०२।६७ | २७५,८९९।४४ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ९ | १,४९४,४४१।१८ | - |
| नियमित कारोवारवाट भएको मुनाफा | | ३५,२१३,७७४।६० | ३३,३९९,५४४।२४ |
| असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | | - | - |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा | | ३५,२१३,७७४।६० | ३३,३९९,५४४।२४ |
| कर्मचारी वोनस | | - | ३,०३६,३२२।२० |
| कर अघिको नाफा/नोक्सान | | ३५,२१३,७७४।६० | ३०,३६३,२२२।०३ |
| आयकर खर्च | | | |
| यस वर्षको आयकर व्यवस्था | | ३,७६६,४००।९२ | ३,०२७,२६५।५५ |
| गत वर्ष सम्मको आयकर खर्च | | ३१२,१५०।०० | १३३,११४।२७ |
| स्थगन कर आम्दानी/खर्च | | | |
| खुद नाफा/नोक्सान | | ३१,१३५,२२३।६८ | २७,२०२,८४२।२१ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू १५

हाम्रो आजको मितिको संकलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सूर्य प्रसाद बराल | राधा कृष्ण घिमिरे | नवराज पौडेल | नारायण काकी | सि.ए. हरि प्रसाद खनाल |
| प्रबन्धक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | प्रोपाइटर |
| | | | | एच.पि. खनाल एण्ड एशोसियट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः २०७८/०५/०१

स्थानः पोखरा, कास्की

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

सृजनाचोक, पोखरा म.न.पा.-०८, कास्की

**खुद नाफा/नोक्सान बाँडफांडको विवरण**

आ.व.२०७७/०७८ को

| विवरण | प्रतिशत | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| यस आ.ब.को मुनाफा | | ३१,१३५,२२३।६८ | २७,२०२,८४२।२१ |
| साधारण जगेडा कोष | २५% | ७,७८३,८०५।९२ | ६,८००,७१०।५५ |
| बाँकी मुनाफा | | २३,३५१,४१७।७६ | २०,४०२,१३१।६६ |
| अन्य कोषमा बांडफाँड | | | |
| संरक्षित पुंजी फिर्ता कोष | २५% | ५,८३७,८५४।४४ | ५,१००,५३२।९१ |
| सहकारी प्रवन्धन कोष | ०.५% | ११६,७५७।०९ | १०२,०१०।६६ |
| बाँकी रकम | | १७,३९६,८०६।२३ | १५,१९९,५८८।०९ |
| शेयर लाभांस कोष | ७०% | १२,१७७,७६४।३६ | १०,६३९,७११।६६ |
| सहकारी शिक्षा कोष | ५% | ८६९,८४०।३१ | ७५९,९७९।४० |
| सहकारी विकास कोष | ५% | ८६९,८४०।३१ | १,५१९,९५८।८१ |
| सामुदायिक विकास कोष | ५% | ८६९,८४०।३१ | ७५९,९७९।४० |
| घाटापूर्ति तथा जोखिम व्यवस्थापन कोष | ५% | ८६९,८४०।३१ | १,५१९,९५८।८० |
| सदस्य हित कोष | ५% | ८६९,८४०।३१ | - |
| कर्मचारी वोनस कोष | ५% | ८६९,८४०।३१ | - |

हाम्रो आजको मितिको संकलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सूर्य प्रसाद बराल | राधा कृष्ण घिमिरे | नवराज पौडेल | नारायण कार्की | सि.ए. हरि प्रसाद खनाल |
| प्रबन्धक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | प्रोपाइटर |
| | | | | एच.पि. खनाल एण्ड एशोसियट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः २०७८/०५/०१

स्थानः पोखरा, कास्की



## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

सृजनाचोक, पोखरा म.न.पा.-०८, कास्की

**नगद प्रवाह विवरण**

मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

| | विवरण | यस आ.व.को रकम रू. | गत आ.व.को रकम रू. |
|---|---|---|---|
| **क** | **संचालन गतिविधिवाट नगद प्रवाह** | | |
| | कर पछिको नाफा/नोक्सान | ३१,१३५,२२३।६८ | २७,२०२,८४२।२१ |
| | समायोजन | | |
| १ | ह्रास कट्टी | १४८,०४६।३० | १८०,७१४।५६ |
| २ | क्षयिकरण खर्च | - | - |
| ३ | विभिन्न कोषको समायोजन | २,४३०,५१४।२० | - |
| | संचालन गतिविधिवाट नगद प्रवाह | ३३,७१३,७८४।१८ | २७,३८३,५५६।७७ |
| | चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | |
| १ | निक्षेप हिसाबमा वृद्धि/(कमि) | -२५,४८५,६२०।५५ | -१४,५६१,८३४।५४ |
| २ | अन्य दायित्व तथा व्यवस्थामा वृद्धि/(कमि) | -६,९९०,६२९।७९ | ४,५६९,२६१।७९ |
| ३ | कर दायित्वमा वृद्धि/(कमि) | ७३९,१३५।३७ | -४,२७२,६१२।१४ |
| ४ | लगानीमा वृद्धि/(कमि) | ५८,५५४,९३०।४७ | ७,८२५,६८४।९१ |
| ५ | चालु सम्पत्तिमा वृद्धि/(कमि) | ३,४४८,४६७।४४ | -२,६८१,३८८।४९ |
| ६ | अन्य | | |
| | कुल कार्यशिल पुँजीवाट नगद प्रवाह | ३०,२६६,२८२।९५ | -९,१२०,८८८।४६ |
| | कुल संचालन गतिविधिवाट नगद प्रवाह (क) | ६३,९८०,०६७।१२ | १८,२६२,६६८।३१ |
| | | | |
| **ख** | **लगानी गतिविधिवाटको नगद प्रवाह** | | |
| १ | शेयर लगानी हिसाबमा वृद्धि/(कमि) | - | - |
| २ | स्थिर सम्पत्तिमा वृद्धि/(कमि) | -१६,७१८।०० | -४,४००।०० |
| ३ | अन्य सम्पत्तिमा | - | - |
| | कुल लगानी गतिविधिवाटको नगद प्रवाह (ख) | (१६,७१८।०० | (४,४००।०० |
| | | | |
| **ग** | **वित्तीय गतिविधिवाटको नगद प्रवाह** | | |
| १ | शेयर पुंजी हिसाबमा वृद्धि/(कमि) | -८०,०००।०० | २,५६९,२००।०० |
| २ | ऋण लिएको हिसाबमा वृद्धि/(कमि) | - | - |
| ३ | लाभांस वितरण | -१९,३३४,७२६।०२ | -१८,८२६,३९४।१४ |
| | कुल वित्तीय गतिविधिवाटको नगद प्रवाह (ग) | -१९,४१४,७२६।०२ | -१६,२५७,१९४।१४ |
| | | | |
| **घ** | **कुल गतिविधिवाटको नगद प्रवाह( क ं ख ं ग)** | **४४,५४८,६२३।०८** | **२,००१,०७४।१७** |
| | शुरू न्गद तथा बैंक मौज्दात | १६६,४३०,७६१।८७ | १६४,४२९,६८७।७० |
| **ङ** | **चालु आ.व.अन्तको नगद तथा बैंक मौज्दात** | **२१०,९७९,३८४।९५** | **१६६,४३०,७६१।८७** |

हाम्रो आजको मितिको संकलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सूर्य प्रसाद बराल | राधा कृष्ण घिमिरे | नवराज पौडेल | नारायण कार्की | सि.ए. हरि प्रसाद खनाल |
| प्रबन्धक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | प्रोपाइटर |
| | | | | एच.पि. खनाल एण्ड एशोसियट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः २०७८/०५/०१

स्थानः पोखरा, कास्की

## सञ्चय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
सृजनाचोक, पोखरा म.न.पा.-०८, कास्की

**अनुसुची २ इक्वीटीमा भएको परिवर्तनको विवरण**

मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

| सि.नं. | विवरण | पुँजीकोष | साधारण जगेडा कोष | संरक्षित पुंजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | घाटापूर्ति तथा जोखिम व्यवस्थापनकोष | सदस्य हित कोष | कर्मचारी बोनस कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शुरू मैज्दात | १२७,९४३,५००।०० | ४६,१४०,२४९।८६ | ५,१००,५३२।९१ | १९१,१०३।२४ | १०,६३९,७११।६६ | ७५९,९७९।४० | १,५१९,९५८।८१ | ७५९,९७९।४० | १,५१९,९५८।८० | - | - | १९४,५७४,९७४।११ |
| २ | लेखा नीतिमा भएको परिवर्तनको असर | | | | | | | | | | | | |
| ३ | परिवर्तित मौज्दात | १२७,९४३,५००।०० | ४६,१४०,२४९।८६ | ५,१००,५३२।९१ | १९१,१०३।२४ | १०,६३९,७११।६६ | ७५९,९७९।४० | १,५१९,९५८।८१ | ७५९,९७९।४० | १,५१९,९५८।८० | - | - | १९४,५७४,९७४।११ |
| ४ | चुक्ता पुंजी थप/ (फिर्ता) | (८०,०००।००) | | | | | | | | | | | (८०,०००।००) |
| ५ | सम्पत्तिमा भएका पुनः मुल्यांकन | | | | | | | | | | | | ०।०० |
| ६ | कोषवाट भएको भुक्तानी तथा खर्च | | | (५,१००,५३२।९१) | - | (१०,६३८,९९२।०९) | (४५२,०००।००) | (१,४५६,१२५।००) | (६८७,०७६।००) | (१,०००,०००।००) | - | - | (१९,३३४,७२६।०२) |
| ७ | विभिन्न कोषको समायोजन | - | ३,३९५,१८९।६१ | - | - | ०।०० | (३०७,९७९।४०) | (६३,८३३।८१) | (७२,९०३।४०) | (५१९,९५८।८०) | - | - | २,४३०,५१४।२० |
| ८ | यस आ.व.को खुद नाफा बाँडफाँड | - | ७,७८३,८०५।९२ | ५,८३७,८५४।४४ | ११६,७५७।०९ | १२,१७७,७६४।३६ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ३१,१३५,२२३।६८ |
| | अन्तिम मौज्दात | १२७,८६३,५००।०० | ५७,३१९,२४५।३९ | ५,८३७,८५४।४४ | ३०७,८६०।३३ | १२,१७८,४८३।९३ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | ८६९,८४०।३१ | २०८,७२५,९८५।९७ |



## सञ्चय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
सृजनाचोक, पोखरा म.न.पा.-०८, कास्की

**मिति २०७८/०३/३१ संग सम्बन्धित अनुसुचिहरू**

| | | | |
|---|---|---|---|
| **शेयर पुंजी** | | | **अनुसूची १** |
| **विवरण** | | **चालु बर्षको रकम** | **गत बर्षको रकम** |
| शेयर दर्ता किताब बमोजिम शेयर | | १२७,८६३,५००।०० | १२७,९४३,५००।०० |
| जम्मा | | १२७,८६३,५००।०० | १२७,९४३,५००।०० |
| **बचत तथा निक्षेप** | | | **अनुसूची ३** |
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| साधारण बचत | | २००,२६१,५८३।८५ | १६५,४४३,४३७।८२ |
| नियमित बचत | | ४५,७३०,०८५।८० | ४६,८८०,०५९।६३ |
| आवधिक बचत | | २१३,१५१,०१३।२५ | २७२,३०४,८०६।०० |
| जम्मा | | ४५९,१४२,६८२।९० | ४८४,६२८,३०३।४५ |
| **अन्य दायित्व तथा व्यवस्थाहरू** | | | **अनुसूची ४** |
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| इन्जीनियर कन्सल्टेन्सी धरौटी | | २००,०००।०० | १५०,०००।०० |
| सन्ड्री क्रडीटर्स | | १५९,०००।०० | ४४,४७५।०० |
| भुक्तानी दिन बांकी व्याज | | ७,३६३,५५८।७३ | १०,२१७,८२७।१६ |
| सदस्य कल्याणकारी कोष | | ३,९७८,०९२।७४ | ४,००८,०९२।७४ |
| कर्मचारी अवकाश कोष | | ५,६६१,५६७।६० | ८,६९७,८८९।८० |
| लेखापरीक्षण शुल्क | | १११,५००।०० | १११,५००।०० |
| आई एमई रेमिट | | १५८,६०४।४१ | - |
| भुक्तानी दिन बांकी कर कट्टी | | | |
| घर बहाल करकट्टी | | २,८२०।०० | ५,६४०।०० |
| लेखापरीक्षण शुल्क करकट्टी | | १,५००।०० | १,५००।०० |
| सामाजिक सुरक्षा कर तथा पारिश्रमिक कर | | २,१५३।६८ | ४,६००।२३ |
| व्याज कर कट्टी | | ६४६,२६१।२७ | १,०८६,१०४।४४ |
| अन्य कर कट्टी | | ४६,०३५।०३ | ३९,६८७।३९ |
| भुक्तानी दिन बाँकि लाभांस | | - | २५,०४६।०० |
| अन्य भुक्तानी दिन बांकी रकम | | ५९१,०८०।७० | २६,०००।०० |
| जम्मा ऋण नोक्सानी कोष व्यवस्था | | ७,०७९,७८५।५० | ८,५७४,२२६।६८ |
| जम्मा | | २६,००१,९५९।६६ | ३२,९९२,५८९।४५ |
| **कर दायित्व** | | | **अनुसूची ५** |
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| यस वर्षको आयकर व्यवस्था | | ३,७६६,४००।९२ | ३,०२७,२६५।५५ |
| जम्मा | | ३,७६६,४००।९२ | ३,०२७,२६५।५५ |
| **नगद मौज्दात विवरण** | | | **अनुसूची ६** |
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| नगद मौज्दात | | ६९२,३६१।७१ | ६५५,१३४।२० |
| जम्मा | | ६९२,३६१।७१ | ६५५,१३४।२० |

| **बैंक मौज्दात विवरण** | | | **अनुसूची ७** |
|---|---|---|---|
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| बैंक मुद्धती हिसाब | | | |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | | | ४०,०००,०००।०० |
| गरिमा विकास बैंक लिमिटेड | | ८०,०००,०००।०० | २५,०००,०००।०० |
| मुक्तिनाथ बिकास बैंक लिमिटेड | | ५०,०००,०००।०० | - |
| कामना सेवा विकास बैंक लिमिटेड | | २०,०००,०००।०० | - |
| ज्योति बिकास बैंक लिमिटेड | | २०,०००,०००।०० | ५,०००,०००।०० |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | | | २०,०००,०००।०० |
| जम्मा | ९(क) | १७०,०००,०००।०० | ९०,०००,०००।०० |
| कल तथा चालु बैंक खाता हिसाब | | | |
| एन सी सी बैंक लिमिटेड (साविकको एपेक्स वि.बैंक लि. रहेको खाता) | | १६,५४१।२६ | १६,५४१।२६ |
| सिद्धार्थ बैंक लिमिटेड | | ६६०,५३०।८६ | ५,३०३,९२८।६३ |
| क्यापिटल मर्चेन्ट विकास बैंक लिमिटेड | | २,५५४,६८१।८० | २,५५४,६८१।८० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | | ४१३,९४४।९२ | १२,६७७,६०३।४५ |
| सिटिजन्स बैंक इन्टरनेसनल बैंक लिमिटेड | | ६,१५७,५३५।७९ | २,९४०,२८०।२८ |
| गरिमा विकास बैंक लिमिटेड | | १४,३२१,६३४।१५ | ७,११७,४३९।८५ |
| प्राइम बैंक लिमिटेड (साविकको कैलाश विकास बैंक लिमिटेड) | | ४३४,९०७।६३ | ९,८४४,१९५।३२ |
| कामना सेवा विकास बैंक लिमिटेड | | १,८४२,२५३।४८ | १,९४६,२९९।३५ |
| लुम्विनी विकास बैंक लिमिटेड | | ७३३,२६२।९३ | ८,६४९,८७७।२३ |
| सिभिल बैंक लिमिटेड | | १,४६७,१४६।०९ | ३,५९०,०४७।५५ |
| मेगा बैंक लिमिटेड | | १,०००।०० | १,०००।०० |
| आई.एम.ई.को अपरेटिभ | | २६१,४०१।३२ | २५२,७००।२८ |
| पोखरा फाइनान्स लिमिटेड | | ५,०६३,९१६।२४ | ११,२२१,२७१।२४ |
| मुक्तिनाथ बिकास बैंक लिमिटेड | | १,२४०,४३६।२३ | ४,६८६,३९८।६७ |
| माछापुच्छे बैंक लिमिटेड | | १२४,६१०।५६ | ३४,६४०।५० |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | | ६३२,३५८।१४ | १,५४२,८१४।२० |
| मेगा बैंक लिमिटेड (साविकको गण्डकी विकास बैंक लिमिटेड) | | १,२९०,४१२।३९ | ३,३७६,००३।९६ |
| ज्योति बिकास बैंक लिमिटेड | | ३,०७०,४४९।४४ | १९,९०४।१० |
| जम्मा | ९ (ख) | ४०,२८७,०२३।२३ | ७५,७७५,६२७।६७ |
| कुल जम्मा | | २१०,२८७,०२३।२३ | १६५,७७५,६२७।६७ |

| **शेयर लगानी हिसाब** | | | **अनुसूची ८** |
|---|---|---|---|
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | | १,०००,०००।०० | १,०००,०००।०० |
| जिल्ला सहकारी संघ लिमिटेड | | ५,०००।०० | ५,०००।०० |
| कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेड | | ५,०००।०० | ५,०००।०० |
| साहास उर्जा कम्पनी लिमिटेड(साविकको साहास हाइड्रोपावर क.लि.) | | १,०००,०००।०० | १,०००,०००।०० |
| क्यापिटल मर्चेन्ट बैंक लि. | | ३२०,५००।०० | ३२०,५००।०० |
| जम्मा | | २,३३०,५००।०० | २,३३०,५००।०० |



| **कर्जा लगानी हिसाब** | | | **अनुसूची ९** |
|---|---|---|---|
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| व्यावसायीक /सञ्चय कर्जा | | २७५,१७५,९७८।२२ | २७०,३८१,१५२।४१ |
| आवास कर्जा | | २०,१२१,१२७।५८ | ८,५३६,२३९।४३ |
| मुद्धती कर्जा | | १,७५५,०००।०० | - |
| व्यक्तिगत कर्जा | | १३३,८६३,२९१।७६ | २०९,७०५,९७३।१८ |
| निक्षेप कर्जा | | २४,६३८,०३६।९९ | २५,४८५,०००।०० |
| जम्मा | | ४५५,५५३,४३४।५५ | ५१४,१०८,३६५।०२ |
| | | | |
| **कर्जा बर्गिकरण** | **खराव कर्जा व्यवस्था प्रतिशत** | **चालु बर्षको रकम** | **गत बर्षको रकम** |
| असल कर्जा | | ४४९,७८८,३०१।०० | ५०५,३१९,३१४।५८ |
| नोक्सानी व्यवस्था | १.००% | ४,४९७,८८३।०१ | ५,०५३,१९३।१५ |
| शंकास्पद कर्जा | | ४,८९७,२७८।९१ | ८,१०४,६४१।३९ |
| नोक्सानी व्यवस्था | ३५.००% | १,७१४,०४७।६२ | २,८३६,६२४।४९ |
| खराव कर्जा | | ८,६७८,५४८।७० | ६८४,४०९।०५ |
| नोक्सानी व्यवस्था | १००.००% | ८६७,८५४।८७ | ६८४,४०९।०५ |
| जम्मा नोक्सानी व्यवस्था | | ७,०७९,७८५।५० | ८,५७४,२२६।६८ |
| गत वर्ष सम्मको व्यवस्था | | ८,५७४,२२६।६८ | ७,३५०,७१२।४७ |
| यस वर्षको व्यवस्था खर्च | | - | १,२२३,५१४।२१ |
| यस वर्षको व्यवस्था आम्दानी | | १,४९४,४४१।१८ | - |

| **चालु सम्पत्ति** | | | **अनुसूची १०** |
|---|---|---|---|
| विवरण | | चालु बर्षको रकम | गत बर्षको रकम |
| पाउनुपर्ने व्याज हिसाब | | १६,२२८,२४६।२४ | १४,०६८,३०४।९५ |
| न्यूनः व्याज मुल्तवी हिसवा | | (१६,२२८,२४६।२४) | (१४,०६८,३०४।९५) |
| धरौटी रकम | | | |
| दुर संचार धरौटी | | १,५००।०० | १,५००।०० |
| इन्टरनेट धरौटी | | २,०००।०० | २,०००।०० |
| रेमिट्यान्स धरौटी | | ८००,०००।०० | ८००,०००।०० |
| अग्रिम आयकर | | | |
| अग्रिमकर /त्म्क | | ३,५७८,०७६।५९ | ४,४१७,३८३।६१ |
| पुर्व भुक्तानी खर्च | | १५५,६४३।६० | ८३,६९६।९५ |
| सदस्यवाट पाउन वाँकी | | १,०३०,११२।०० | ३,९६१,४९७।०० |
| रेमिट्यान्स कम्पनीहरूवाट पाउन वांकी | | | |
| संचय मनि ट्रान्सफर | | ३४०,९३८।७७ | ३४०,९३८।७७ |
| प्रभु म्यानेजमेन्ट प्रा.लि. | | २८६,९८४।१५ | ५२३।६५ |
| हिमाल रेमिट | | २९,७०४।०९ | ५०,००९।०० |
| सिटि एक्सप्रेस रेमिट | | ०।०५ | २०,८७४।०१ |
| आइ.एमई रेमिट | | - | १५,८४७।२० |
| मसलन्द मौज्दात | | ९४,६५१।०४ | ८१,६३०।९६ |
| अग्रिम प्रिपेड खर्च (बिमा) | | १,८८४।०० | - |
| अन्य पाउनुपर्ने हिसाब | | ११,८९१।८८ | ५,९५२।४६ |
| जम्मा | | ६,३३३,३८६।१७ | ९,७८१,८५३।६१ |

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

सृजनाचोक,पोखरा म.न.पा.-०८, कास्की

अनुसूची ११

**सम्पत्ति किसिमका सामानहरूको ह्रासकट्टी विवरण (२०७८/०३/३१ मा)**

| विवरण | ह्रास कट्टी दर | परल मूल्य | | | ह्रासकट्टी | | | बाकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको थप | जम्मा | गत वर्षको | यस वर्षको | जम्मा | यस वर्षको | गत वर्षको |
| **समूह 'क'** | | | | | | | | | |
| जग्गा | ०.००% | २२,०००,०००।०० | - | २२,०००,०००।०० | - | - | - | २२,०००,०००।०० | २२,०००,०००।०० |
| भवन तथा कम्पाउण्ड | ५.००% | - | - | - | - | - | - | - | - |
| **समूह 'ख'** | | | | | | | | | |
| कम्प्युटर उपकरण | २५.००% | ३९४,७७६।०० | ७,०००।०० | ४०१,७७६।०० | २९८,२३९।५२ | २५,८८४।१५ | ३२४,१२३।६७ | ७७,६५२।३३ | ९६,५३६।४६ |
| फर्निचर तथा फिक्चर्स | २५.००% | ५४४,२१३।८२ | | ५४४,२१३।८२ | ४७४,२८९।५६ | १७,४८१।१० | ४९१,७७०।६६ | ५२,४४३।१६ | ६९,९२४।२५ |
